# भीरकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बयरघारी, स्याङ्जा

# सार्वजनिक अपिल

भीरकोट नगर क्षेत्रलाई व्यवस्थित, सुन्दर, सफा र विभिन्न किसिमका दैविक तथा प्राकृतिक प्रकोपबाट सुरक्षित शहर बस्ती निर्माण गर्ने कार्यका लागि देहाय बमोजिम गर्ने गराउने कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण भीरकोटवासी बुवाआमा, दाजुभाई तथा दिदीबहिनीहरुमा भीरकोट नगर कार्यपालिकाको कार्यालय हार्दिक अपिल गर्दछ ।

१.नगरपालिकाको गठन हुनुभन्दा अगाडी निर्माण भएका र नगरपालिका गठन भैसके पश्चात पनि अनुमति नलिई बनाएका कच्ची घरका सम्बन्धमा घरको रंगीन फोटो र वर्ग मिटर खुलाई आगामी फाल्गुन मसान्तभित्र घरको अभिलेखीकरणका लागि नगरपालिकामा निवेदन दिई घरको अभिलेखीकरण गर्ने गराउने ।

२. नगरपालिकाको गठन हुनुभन्दा अगाडी र नगरपालिका गठन भैसके पश्चात पनि नगरपालिकाको अनुमति नलिई निर्माण भएका घरहरुका सम्बन्धमा यस नगरपालिकामा सूचिकृत इन्जिनियरबाट घरको नक्सा बनाई आगामी फाल्गुन मसान्तसम्म अभिलेखीकरणका लागी नगरपालिकामा निवेदन दिई घरको अभिलेखीकरण गर्ने गराउने ।

३. २०७४ मंसिर १ गतेदेखि नगर क्षेत्रभित्र पक्की घरहरुका निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट अनुमति लिएर मात्र घर निर्माणको कार्य शुरु गर्नु गराउनुहुन ।

४. भीरकोट नगर क्षेत्रभित्र घडेरीको खरिद बिक्री गर्दा न्यूनतम २ आना र २ पैसा जग्गा र जग्गामा जानको लागि स्पष्टरुपमा नक्सामा बाटो खुलेको हुनुपर्ने अन्यथा नगरपालिका बाट घर निर्माणको अनुमति प्रदान गर्न नसकिने ।

माथि उल्लेख भए बमोजिम नगरे नगराएमा त्यसको सम्पूर्ण जिम्मेवारी प्रचलित ऐन, कानुन तथा मापदण्डमा व्यवस्था भए बमोजिम सम्बन्धित जग्गा धनी वा घर धनी स्वयं हुनुपर्ने व्यहोरा समेत सम्पूर्ण भीरकोटवासीहरुमा यस नगर कार्यपालिका अनुरोध गर्दछ ।